# आ.व. २०८३/०८४ को

# बजेट तथा कार्यक्रम

**स्वामीकार्तिक खापर गाउँपालिका**

**बाजुरा जिल्ला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**मिति २०८२।०३।१०**

**स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०८२।०८३ को बजेट तथा कार्यक्रम**

**सभा अध्यक्ष ज्यू र  अन्य गाउँसभा सदस्य ज्यूहरु,**

अब म यस स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँसभाको १८ औं गाउँ अधिवेशनमा आगामी आ.व. २०८३।०८४ को बजेट यस सभामा प्रस्तुत गरिरहदा चालु आ.व. २०८२।०८३ को कुल बजेट, हाल सम्मको खर्च निकासा र खर्चको स्थिति  प्रस्तुत गर्दछु ।

**गाउँसभा सदस्यहरु,**

यस स्वामीकार्तिक खापर गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा कुल विनियोजन बजेट **रु. ३८ करोड ३ लाख ७६ हजार ६ सय ६१** रहेको मा हाल सम्म **रु ३५ करोड २८ लाख ४५ हजार १ सय ७ रुपैया** निकासा प्राप्त भएको छ । निकासा भएको बजेट मध्ये हाल सम्म **२७ करोड ९४ लाख ४१ हजार ४ सय ५४ रुपैया २६ पैसा** खर्च भएको छ ।

**गाउँसभा सदस्यहरु,**

अब म स्वामीकार्तिक खापर गाउँपालिकाको यस आ.व. २०८३।०८४ को अनुमानित आय तथा व्ययको विवरण यस सभामा पेश गर्न अनुमति चाहान्छु ।

<u>**आम्दानी तर्फ**</u>

| **क्र.सं.** | **बजेट स्रोत** | **अनुमानित आय रु.** |
|---|---|---|
| **१** | **संघीय सरकार** | |
| १.१ | वित्तीय समानिकरण अनुदान | ९ करोड ११ लाख |
| १.२ | राजश्व बाँडफाँड | ७ करोड ९५ लाख ९७ हजार |
| १.३ | सशर्त अनुदान ( चालु, पूंजिगत) | १४ करोड ७९ लाख |
| १.४ | समपूरक अनुदान | १ करोड ९७ लाख |
| १.५ | विशेष अनुदान | १ करोड ६० लाख |
| **२** | **प्रदेश सरकार** | |
| २.१ | वित्तीय समानिकरण अनुदान | ८२ लाख ७० हजार |
| २.२ | राजश्व बाँडफाँड | १९ लाख ७९ हजार |
| २.३ | सशर्त अनुदान | ६ करोड ७ लाख |
| २.३ | समपूरक अनुदान | ८२ लाख ५६ हजार |
| २.४ | विशेष अनुदान | ६१ लाख |
| **३** | **आन्तरिक आय** | **२० लाख** |
| | **जम्मा** | **४४ करोड १६ लाख २ हजार** |

## विनियोजन तर्फ

यस गाउँपालिकामा संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड, वित्तीय समानिकरण अनुदान, संघीय सरकार सर्शत अनुदान, समपुरक र विशेष अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत समेतको रु. **४४ करोड १६ लाख २ हजार** रकमलाई तपशिल शिर्षकमा बिनियोजन गरेको छु।

तपशिल

चालु तर्फ रु. २७ करोड ६ लाख ६६ हजार

पुँजिगत तर्फ रु. १७ करोड ९ लाख ३६ हजार विनियोजन गरेको छु।

**गाउँसभा सदस्यज्यूहरु,**

व्यय अनुमानको विस्तृत विवरण, क्षेत्रगत अनुमान अर्को दिन संचालन हुने गाउँसभामा पेश गर्ने अनुमति चाहान्छु।

धन्यवाद।